# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
## थर्पु भार्मी, जाजरकोट,
## कर्णाली प्रदेश नेपाल
## २०७३

पत्र संख्या : ०७५/०७६

चलानी नं. : १९२

मितिः २०७५/११/२७

**विषयः निर्देशन सम्बन्धमा ।**

सम्पूर्ण सामुदायिक विद्यालयहरु

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७६ मा कुशे गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरुलाई विद्यालयको समग्र विकासमा टेवा पुग्ने तपसिलका कार्यहरु गर्न निर्देशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ । विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ बैठक शिक्षक स्टाफ बैठक अभिभावक भेला एवं विद्यालयहरु संगको अन्तरक्रियामा समेत यस निर्देशन पत्रका बारेमा आवश्यक छलफल गर्नहुन अनुरोध छ ।

तपसिल

- शैक्षिक सत्रको शुरुमा विद्यालय तहको पाठ्यपुस्तक व्यवस्थापन गरी २०७६ को दोस्रो हप्ताबाट पठनपाठन शुरु गर्ने ,
- वि.स २०७६ बैशाख पहिलो हप्तामा विभिन्न शैक्षिक एवं शैक्षणिक योजनाहरु निर्माण गर्ने ,
- शैक्षिक सत्र २०७५ मा भएको सिकाइ उपलब्धि समीक्षा गरी त्यसको तथ्याङ्क विश्लेषण गर्ने, विद्यालयमा भएका विभिन्न सूचकहरुको अनुपात निकाल्ने र Display गर्ने ,
- शिक्षक, विद्यार्थी पोशाक अनिवार्य रुपमा व्यवस्थापन गरी प्रयोग गर्ने ,
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन आवश्यक सामाग्री व्यवस्थापन गर्ने ,
- शिक्षक, विद्यार्थी तथ्याङ्क समयमा Update (EMIS File) गरी कार्यालयमा पेस गर्ने ,
- एक शैक्षिक सत्रमा साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी सो को अभिलेख राख्ने ,
- विद्यालय सरसफाईमा ध्यान दिनुका साथै उपलब्ध शौचालयहरु प्रयोग योग्य बनाउने ,
- बालविकास कक्षा अनिवार्य रुपमा छुट्टै व्यवस्थापन गर्ने ,
- बुक कर्नर वापत निकासा भएको रकमको उचित सदुपयोग गरी प्रत्येक कक्षाकोठामा बुक कर्नर स्थापना गर्ने ,
- बर्षमा कम्तिमा २ पटक अभिभावक भेला आयोजना गरी विद्यालयमा भएका गतिविधिहरु जानकारी गराउने ,
- SIP निर्माण तथा अध्यावधिक गरी कार्यान्वयन गर्ने ,
- तोकिएको अवधिमा कोर्ष पुरा गर्ने रणनीति तय गरी समयको उचित सदुपयोग गर्ने ,

शाखा अधिकृत